पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल ।
☎: { 067 – 411101
067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np

पत्र संख्याः ०८१।८२
चलानी नं

# नयाँ सुन्तलाजात (पकेट) विकास कार्यक्रम संचानलका लागि आवेदन दिने सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०२)

आ.व. २०८१/८२ मा पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (कृषि) तर्फको आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम सञ्चालनार्थ सुन्तलाजातको पकेट क्षेत्र निर्धारण गर्नुपर्ने भएकोले इच्छुक कृषि फर्म/कृषक समूह/कृषि सहकारी/जल/वन उपभोक्ता समितिहरूले तपसिलका कागजात सहित यो सुचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र यस पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा हुवास, पर्वतमा तोकिएको ढाँचा अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रमको नाम | बाली/वस्तु | बजेट (हजारमा) | मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| १. | आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम | सुन्तलाजात बाली | १२०० | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल बमोजिम (न्यूनतम क्षेत्रफल ७ हेक्टर) | |

आवश्यक कागजातहरू:

(क) अनुसूची-६ बमोजिमको निवेदन।
(ख) अनुसूची-७ बमोजिमको आधारभुत तथ्याङ्क फारमको विवरण।
(ग) कार्य समितिको वा प्रोपाईटरको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।
(घ) सम्बन्धित निकायमा नियमानुसार दर्ता भएका कृषक समूह/कृषि फर्म/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समितिको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
(ङ) सम्बन्धित संस्थाको कार्य समितिको पकेट कार्यक्रम माग गर्ने निर्णयको प्रतिलिपी।
(च) कार्यक्रम संचालन हुने जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि वा कम्तिमा १० वर्ष लिजमा लिएकों खुल्ने सक्कल कागजात।
(छ) सम्बन्धित वडा कार्यालयको दोहोरो अनुदान नभएको वा नपर्ने र कार्यक्रम दिन उपयुक्त हुने व्यवहोरा लेखिएको सिफारिस पत्र।

२०८१/१०/०२
जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीका लागि
पैयूँ गाउँपालिका, कृषि शाखा
९८४०५३८४२२, ९८६९२११८९४, ९८६४१४९३९५

(पुनश्चः अनुसूची-६ बमोजिमको निवेदन र अनुसूची-७ बमोजिमको आधारभुत तथ्याङ्क फारम वडा कार्यलयमा पनि उपलब्ध हुनेछ।)